नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

बबरमहल, काठमाण्डौ ।

## भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट घरजग्गा सम्बन्धी कारोबार गर्न इजाजत पत्र लिने सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८२/०७/१३ गते**

प्राकृतिक र कानूनी व्यक्ति वा कानूनी व्यक्तिहरू बीच घरजग्गा सम्बन्धी कारोबार गर्न इजाजतपत्र लिनु पर्ने मालपोत ऐन, २०३४ मा भएको व्यवस्था बमोजिम नेपाल सरकारबाट मिति २०८२/०६/२७ मा प्रकाशित नेपाल राजपत्रको सूचना नं. २ अनुसार महानगरपालिका र उपमहानगरपालिका क्षेत्रलाई कार्यक्षेत्र घोषणा गरेको हुंदा एक पटकमा तीन करोड रुपैंया भन्दा बढिको घरजग्गा कारोबार गर्न इजाजत पत्र लिन इच्छुक फर्म, कम्पनी वा संस्थाले तपसिल बमोजिमका कागजात संलग्न गरी ३० (तीस) दिनभित्र **www.public.dolma.gov.np** मार्फत अनलाइन निवेदन पेश गर्नु हुन मालपोत नियमावली, २०३६ को नियम २३ ञ. को उपनियम (१) प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१. मालपोत नियमावली, २०३६ (आठौं संशोधन २०८२) को अनुसूची-८ मा उल्लिखित कागजात एवम् प्रमाण स्क्यान गरी सोही अनुसूची बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

२. इजाजत पत्र लिनको लागि मालपोत नियमावली, २०३६ को नियम २३ट. बमोजिम देहाय अनुसारको दस्तुर बुझाउनु पर्नेछ ।

(क) एक पटकमा पाँच करोड रूपैयाँसम्म कारोबार गर्ने व्यक्ति (फर्म, कम्पनी वा संस्था) को हकमा पाँच लाख रूपैयाँ,

(ख) एक पटकमा पाँच करोड रुपैयाँ भन्दा घटी वा बढी जतिसुकै रकमको कारोबार गर्ने व्यक्ति (फर्म, कम्पनी वा संस्था) को हकमा दश लाख रूपैयाँ ।

३. थप जानकारी लिन आवश्यक भएमा विभागमा सम्पर्क गर्नु हुन ।